
२०७८ साल, वर्ष ४, अंक १२ (बैशाख)

लाटोकोसेरो संरक्षण सबैका लागि

# हाप्सिलो

(लाटोकोसेरो सम्बन्धी चौमासिक पत्रिका)





तस्बिर: आयुस शाक्य पिक्साबेडटकम

# यो अङ्कमा


पीडित युक्रेनी बालबालिकाको घाउमा मलहम लगाउँदै लाटोकोसेरो ....१
धार्मिक ग्रन्थहरूमा लाटोकोसेरो....................................................३
ओहो साच्चै उल्लु जस्तै हुन पाए !................................................४
कथा : रातको राजा.........................................................................५
समाचार.........................................................................................६
२०० बर्षमा ५ पटक मात्र मुस्ताङमा भेटिएको लाटोकोसेरो....................७
उद्दार, पुनर्स्थापना...........................................................................९
फर्केर नआएको मेरो प्रिय लाटोकोसेरो...........................................११


## हाम्रो भन्नु !

पछिल्लो समयमा भाइरल हुने लोभमा लाटोकोसेरोलाई समाएर, लामो समयसम्म हातमा राखेर लाटोकोसेरोलाई तनाव दिने काम बढेको छ । सामाजिक सञ्जालमा देखिने यस्ता कामहरू नेपालको कानुन विपरीत छन् । लाटोकोसेरोको गुडबाट फूल चोर्ने, गुड बिगार्ने , घरमा पाल्ने, बेच बिखन गर्ने लगायत कामहरू गर्न पाइँदैन । सामाजिक सञ्जाल मार्फत लाटोकोसेरोको बिक्री समेत हुने गरेको जानकारी छ । यस्ता सबै खालका क्रियाकलाप गर्न सबैले आ-आफ्नो क्षेत्रबाट पहल गर्न आवश्यक भई सकेको छ । **सम्पादक**

# पीडित युक्रेनी बालबालिकाको घाउमा मलहम लगाउँदै लाटोकोसेरोको

**राजु आचार्य**




हिजो सम्म युक्रेनको नाम नसुनेकाहरू अहिले युक्रेनको चर्चा गर्न थालेका छन्। यसरी चर्चा गर्नुको पछाडि रुसको आक्रमण प्रमुख कारण रहेको छ। अहिले पनि भिडन्त जारी छ। अहिलेसम्म युक्रेनमा रहेका ४३ लाख बालबालिका पूर्ण वा आंशिक रूपमा प्रभावित बनेका छन्। यो सङ्ख्या बालबालिकाको कुल जनसङ्ख्याको आधा हो। तिनै बाल बालिकाको उद्धार, उपचार तथा पुनर्स्थापनाकोको विश्व व्यापी रूपमा पहल सुरु भैसकेको छ। सोही अभियानमा अमेरिकामा काम गर्ने लाटोकोसेरो सम्बन्धी संस्थाले नौलो अभियानबाट करिब २ करोड ७० लाख युनिसेफ मार्फत युक्रेन पठाउन लागेको हो। यो सबै लाटोकोसेरोको कारणले सम्भव भएको हो।

अमेरिकामा प्रत्येक वर्ष विश्व लाटोकोसेरो महोत्सवको आयोजना हुने गर्छ। सन् २००६ बाट सुरु भएको यो महोत्सवमा केही वर्ष देखि विश्वव्यापी चित्रकला प्रतियोगिताको आयोजना हुने गर्छ। सोही अनुसार रुसको आक्रमण अगाडी नै युक्रेनबाट विगत केही वर्ष देखि करिब २०० बढी लाटोकोसेरोका चित्रहरू आयोजकमा पुगी सकेको थियो। सो चित्रहरू अन्तर्राष्ट्रिय लाटोकोसेरो केन्द्रले अनलाइनमा लिलामीको आयोजना गऱ्यो।


साना साना कलाकारले बनाएका ती तस्बिरको लिलामीमा 'होस्टेन एरिया कम्युनिटी फाउन्डेसन' र 'साउथर्न मिनोसोटा इनीसियाटिव' ले पहल गरे। केन्द्रको प्रमुख 'कारला ब्लोएम'को मेहनतले सकारात्मक नतिजा दियो। तिन पटक सम्म गरिएको सो लिलामीमा करिब २ करोड ७० लाख नेपाली रुपैयाँ उठ्यो। मानिसहरूले एउटा चित्रको ५ लाख सम्म तिरे। उक्त लिलामीमा प्रयोग गरिएको केही तस्बिरहरू हेरौँ,



करिब ५ लाखमा खरिद गरिएको चित्र



करिब ३ लाखमा खरिद गरिएको चित्र





बिक्रि भएका अन्य केहि चित्रहरु

# धार्मिक ग्रन्थहरूमा लाटोकोसेरो

**राजु आचार्य र यादव घिमिरे**



हिन्दु धर्ममा लाटोकोसेरोलाई देवी लक्ष्मीको तथा देवी चामुण्डाको वाहन मानेर, देवी सरह पूजा गर्ने चलन छ । तर कतिपयले यो चरालाई लक्ष्मीको बहिनी, जसको नाम अलक्ष्मी थियो, उनको रूप मान्दछन्।अलक्ष्मीलाई अलच्छिनको प्रतीक पनि मानिन्छ । हिन्दु धर्मावलम्बीहरूले लाटोकोसेरो रुँदा नराम्रो हुने विश्वास समेत गर्दछन् ।

**वेदः**

वेदमा यसलाई 'उलूक' भनेर उल्लेख गरिएको छ । वेद अनुसार भविष्यमा हुन सक्ने दुःखद खबरलाई यो चराले कराएर जानकारी गराउँछ भनेर उल्लेख गरिएको छ ।

**महाभारतः**

महाभारतमा पनि द्रोणाचार्यका छोरा अश्वत्थामाले पाण्डव विरुद्धको युद्धमा लाटोकोसेरोबाट ज्ञान लिएको उल्लेख गरिएको छ । उनले रातको समयमा चतुर कागलाई लाटोकोसेरोहरूले मारेको देखेका थिए । उनले राती आक्रमण गर्न पाइयो भने पाँच पाण्डवलाई मार्न सकिन्छ भन्नेमा थिए ।

**रामायणः**

भगवान विष्णुले नारदमुनीलाई मानसरोवर गएर गणबन्धु नामक लाटोकोसेरोसँग गीत सिक्न सुझाएका थिए । जसमा भनिएको थियो लाटोकोसेरोले एकपटक वा पटक–पटक निकाल्ने आवाजमा संगीत छ । यस तथ्यबाट के प्रमाणित हुन्छ भने सांस्कृतिक हिसाबमा मानिसहरुले यिनका बारेमा जति नकारात्मक टिप्पणी गरेपनि यस मामिलामा भने प्रशंसा गरेको छ ।

**बाइबलः**

यसमा १६ पटकसम्म लाटोकोसेरोको प्रसंग उल्लेख गरिएको छ । लाटोकोसेरो फोहोरी हुन्छन् यिनलाई खान हुँदैन भन्दै ६ प्रजातिको उल्लेख गरिएको छ । यसको मतलब अन्य प्रजाती खान हुन्छ भन्ने होइन् ।

साथै Isaiah ३४:१३ अनुसार 'दरबारमा काँडा तथा सिस्नुहरू उम्रेका हुन्छन् र सो क्षेत्र ड्र्यागनको लागि वासस्थान हुन्छ भने लाटोकोसेरोको लागि दरबार हुन्छ' भनेर उल्लेख गरिएको छ ।इसाई धर्मालम्वीहरूले यो चरालाई प्रभु यशुको ज्ञानको प्रतीक समेत मान्दछन् । जीवनका अन्धकार हटाउने चराका रूपमा लिइन्छ ।

**कुरानः**

लाटोकोसेरोले नराम्रा कुराहरू लिएर आउंछन् । यिनीहरु अपवित्र हुन् । केहीले भने यिनीहरू दिनभरि पवित्र र एकान्त ठाउँमा बस्छन् (त्यसैले देख्न सकिन्न) भने राती ७ औं शताब्दिका धार्मिक नेताको (इमाम अल हुसेन) मृत्युको शोक मनाइरहन्छन् भनेर उल्लेख गरेका छन् । अनलाइनमा भेटिएका यी जानकारीहरू आफैंमा विरोधाभाषपूर्ण पनि छन् ।

महा बज्रयान (बौद्ध धर्म) बौद्धमार्गीहरूले लाटोकोसेरो हाँस्दा नराम्रो हुने विश्वास गर्दछन् । बौद्ध धर्मको चारवटा हाँगाहरूमध्ये महाबज्रयान अनुयायीहरूले वार्षिकरूपमा गर्ने महाकाल पूजामा लाटोकोसेरोको प्वाँख अनिवार्य मानिन्छ । उक्त पूजामा शत्रु मानिएको लाटोकोसेरो तथा कागका प्वाँखहरूलाई जुधाइन्छ । मन्त्रोच्चारण गर्दै जुधाउँदा मानिसहरूको दिमागमा रहेका नकारात्मक सोच हराउँछ भनेर मान्दछन् ।

**(लाटोकोसेरो कि बाठोकोसेरो पुस्तकबात साभार)**

## ओहो साच्चै उल्लु जस्तै हुन पाए !

मलाई कस्ती उल्लु रहिछ यो भन्दा खुसी लाग्छ,
अक्सर मलाई धेरैले उल्लु सम्झन्छन् ,
म भने त्यो सुन्दा मनमनै मक्ख हुन्छु,
के थाहा उनीहरूलाई उल्लु कति बुद्धिमानी हुन्छ
यसले त अन्धकारमा पनि देख्न पो सक्छ



**नीता पोखरेल**

रातको चकमन्नतामा पनि आफ्नो बाटो पहिल्याउन सक्ने,
आफ्नो टाउको चौतर्फी घुमाएर वरपरको चाल थाहा पाउने,
आफ्नो आहाराको सिकार र सुरक्षा चतुरताका साथ गर्ने,
यस्तो उल्लुको मानिसहरूले महत्त्व बुझिदिए कस्तो हुन्थ्यो,
ओहो साँच्चै उल्लु जस्तै हुन पाए त गजब हुन्थ्यो

भगवान् विष्णुले नारदमुनिलाई जससँग गीत सिक्नु भनेका,
आफू वरपरको वातावरणीय स्वास्थ्यको सूचक भएका ,
किसानलाई मदत गर्न मुसा, सर्प किराफट्यांग्रा खाएका,
यस्तो उल्लुको मानिसहरूले महत्त्व बुझिदिए कस्तो हुन्थ्यो,
ओहो साँच्चै उल्लु जस्तै हुन पाए त गजब हुन्थ्यो

**(नीता पोखरेल त्रिभुवन विश्वविद्यालयमा वन्यजन्तु व्यवस्थापन तथा जैविक विविधता संरक्षण विषयमा स्नातकोत्तर गरिरहेकी छिन् । उनी वन्यजन्तु अध्ययन, अनुसन्धान र लेखनमा रुचि राख्छिन्)**



# कथा : रातको राजा



कुनै समय चराहरू आफ्नो राजा नभएर चिन्तित थिए । उनीहरूलाई कसैको नेतृत्व चाहिएको थियो । उनीहरूले बैठकबाट राजा टुंगो लाउने निधो गरे । यो कुरा कागले पनि थाहा पायो । बाठो कागले आफु राजा हुने जुक्ति निकाल्यो । उसले बैठकमा लाटोकोसेरोलाई अलि पछि बोलाएर अरू चराहरूलाई अगाडि बोलायो। बैठक सुरू हुने बित्तिकै आफ्नो कुरा राख्यो, 'म कराउन पनि सक्छु, अरुलाई लखेटन् पनि सक्छु । तिमीहरुको सुरक्षा म बाहेक अरू कसैले गर्न सक्दैन ।' भेलामा उपस्थित चराहरूलाई यो सुनेर चित्त बुझ्यो । उनीहरूले हो हो भनेर कागलाई राजा बनाउने निर्णय गरे।

यतिकैमा लाटोकोसेरो आइपुग्यो । उसले कागको चतुर्याइँ बुझ्यो । 'ल ठीकै छ, कागले दिउँसो त तिमीहरूको सुरक्षा गर्ला तर, राती कसरी गर्न सक्छ ?' उसले अझ थप्यो, 'कागले त राती देख्नै सक्दैन। राती त मैले पो देख्न सक्छु । त्यसैले राजा त म पो हुनुपर्छ ।' विवाद बढ्दै गएपछि चराहरूले कागलाई दिउँसोको राजा र लाटोकोसेरोलाई रातीको राजा तोकिदिए । चराहरूले भने 'तिमीहरू आआफ्नो समयमा मात्र सक्रिय हुनु । अर्काको समयमा आयौं भने जसले सक्छ त्यसैले मार्नु ।' त्यही दिनदेखि दिउँसो कागले लाटोकोसेरोलाई तथा रातमा लाटोकोसेरोले कागलाई देखेमा आक्रमण गर्ने गरेको विश्वास मानिसहरू गर्दछन् ।

**(यो कथा लाटोकोसेरो कि बाठोकोसेरो पुस्तकबाट साभार गरिएको हो । चित्र : रोशन भण्डारी)**

# समाचार



रुफर्ड द्वारा सहयोग प्राप्त परियोजना अन्तर्गत गण्डकी प्रदेशमा कार्यक्रमहरू सुरु भएका छन्। यही मार्च २५ २०२२ मा मुस्ताङ जिल्लाको जोमसोममा सरोकारवालाहरूसँग लाटोकोसेरोको अवस्था, भएका कार्यक्रम, यिनको चोरी सिकारी तथा स्थानीयको भूमिका सम्बन्धमा गोष्ठी सम्पन्न भएको छ। जिल्लाका प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा सबै सम्बन्धित कार्यालय प्रमुखहरूको उपस्थिति थियो।

# २०० बर्षमा ५ पटक मात्र मुस्ताङमा भेटिएको लाटोकोसेरो

**राजु आचार्य**



**तस्विरः निरज थकाली**

पत्रकार निरज थकालीले गाउँ नजिकै नोभेम्बर २०२० मा खिचेको भिडिओ सम्भवतः नेपालमा पहिलो पटक खिचिएको हो। नेपालमा पाइने २३ प्रजातिका लाटोकोसेरो मध्ये यो पनि एक हो।

जीवित रूपमा सो चरा देख्ने उनी अहिलेको पुस्ताका पहिला पनि हुन्। ठिक २१ वर्ष अघि यो प्रजाति अन्नपूर्ण संरक्षण क्षेत्र अन्तर्गत पिपरमा भेटिएको दाबी गरिएको थियो तर कुनै फोटो वा भिडिओ भने थिएन। ५८ वर्ष अघि काठमाडौँको ककनीमा यो प्रजातिको नमुना सङ्कलन गरिएको थियो। यसअघि १९ औँ शताब्दीमा काठमाडौँ उपत्यकामा सर ब्राईन हगसनले यसको नमुना अभिलेख गरेका थिए। लामो समय पछि भेटिएको यो प्रजातिले लाटोकोसेरो संरक्षणकर्मीहरूलाई उत्साहित बनाएको छ।

यसको नेपाली नाम 'लामकाने लाटोकोसेरो' हो। अङ्ग्रेजीमा यसलाई Long-eared Owl भनिन्छ। 'नेपालका चराहरू' र 'नेपालका लाटोकोसेरोहरू' पुस्तकले यो प्रजातिलाई फिरन्ते भनेर उल्लेख गरेको छ। यसको अर्थ नेपालमा १-२ वटा मात्र अभिलेख गरिएको भन्ने अर्थ हो। थकाली भन्छन् 'यो प्रजातिको बारेमा पूर्व जानकारी भएको भए फोटो खिच्थे नि ? नजिकै थियो'। उनले थपे 'नेपालमा निक्कै दुर्लभ यो प्रजातिको अभिलेख गर्न

पाउँदा निक्कै खुसी लागेको छ। वास्तवमा लाटोकोसेरो उत्सवको बारेमा निक्कै  पटक सुनेको थिएँ र त्यसैले सो समूहलाई सम्झिएर खिचेको हो’ ।

उनले खिचेको भिडिओ सामाजिक सञ्जालमा पोस्ट गरिएको थियो । सो भिडिओ सुरुमा चरा विद् ‘सोम जिसीले’ देखे पछि  ‘लामकाने लाटोकोसेरो’ हुन् सक्ने बताएका थिए । पछि मोबाइलको गुणस्तरीय भिडिओबाट सोही प्रजाति भएको प्रमाणित भएको थियो । चरा विद्धहरू  डा हेमसागर बराल , क्यारोल इन्स्किप, सोम जिसी र  हठन चौधरीले  तथा अनुसन्धानकर्मी यादव घिमिरेले भिडिओ हेरी सके पछि सोही चरा भएको प्रमाणित भएको थियो।

उनले सन् २००९ को मार्च महिनामा समेत सो प्रजातिको फोटो खिचेका थिए तर सो प्रजातिको  पहिचान नगरी फोटो उनको कम्प्युटरमा मात्र रह्यो । हालको भिडिओबाट प्रजातिको पहिचान भए पछि मात्र उनले पुराना फोटोहरू हेर्दा  सो प्रजाति पहिला नै फोटो खिचेको कुरा चाल पाए । उक्त प्रजाति कसैको घरमा ल्याएर राखेको बेला खिचिएको थियो।


यो प्रजाति बसाइसराइ गर्दा मात्र देखिएको हो वा स्थायी रुपमानै यही क्षेत्रमा बस्छ भनेर थप अनुसन्धान गर्नु पर्ने देखिएको छ ।



# उद्दार, पुनर्स्थापना




डिसेम्बर १७, २०२१ मा कास्की जिल्लाको नयाँ गाउँ क्षेत्रमा पालिरहेको गोठे लाटोकोसेरो समाजसेवी बालकुमार गुरुङको पहलमा प्राकृतिक वासस्थानमा फर्किएको छ।



डिसेम्बर २८, २०२१ मा काठमाडौँ महाराजगन्ज, काठमाडौँमा कोठा भित्र फसेको गोठे लाटोकोसेरोको उद्धारमा शेखर बनसालले पहल गरेका छन्। साङ्केतिक चित्र पिक्साबेदटकम :




डिसेम्बर महिना २०२० , झापा जिल्लाको दमक नगरपालिका१ मा कागले लखेटेको गोठे - लाटोकोसेरोलाई दिनेश सुबेदीले समातेका थिए। चरालाई तनाव दिँदै दिँदै गलत तरिकाले समातिएको थियो। यो चारको पछिल्लो अवस्था अज्ञात।




डिसेम्बर २०१९, मोरङ जिल्लामा प्रेम बिष्टले सानोमा ल्याएर पालिएको ४ वटा गोठे लाटोकोसेरोको पछिल्लो अवस्था अज्ञात।



कैलाली जिल्लामा खिचिएको लोखर्के उलूक (तस्बिर: धिरज चौधरी)

# फर्केर नआएको मेरो प्रिय लाटोकोसेरो



**आरती नेपाली**

विश्वव्यापी महामारीको पहिलो चरणमा सम्पूर्ण राष्ट्र लकडाउनमा हुँदा म अफिसको काम घर बाट नै निरन्तर गरिरहेको थिए । चैत्रको उराठ लाग्दो दिनमा दिनभर ल्यापटप अगाडी काम गर्दा बेलाबेलामा आफ्नो कोठाको झ्याल बाट बाहिरको प्राकृतिक दृश्यमा हराउने गर्थे ।

झ्यालको करिब ३ मिटरको दुरीमा एउटा रुख छ जहाँ अनेक प्रजातिको चराचुरुङ्गीहरू आउने गर्थे। तिनीहरूको आगमन र गतिविधिले एकै छिन भए पनि आनन्द लाग्थ्यो। एक दिन काम गरिरहँदा दिउसोको करिब एक बजेतिर मेरो नजर त्यहीँ रुखमा गयो । रुखको एउटा हाँगामा कहिले नदेखिएको प्रजाति देखियो र मैले तुरुन्तै आफ्नो क्यामेरा निकालेर त्यसको फोटो खिचे अनि फोटोलाई जूम गरी हेर्दा त्यो प्रजाति त कोचलगाँडे लाटोकोसेरो पो रहेछ।

म पंन्छीप्रेमी भएकोले हुँदा कोचल गाँडे पहिलो पटक आफ्नै घरको रुखमा त्यति नजिकैबाट देख्न पाउँदा मन हर्षित भयो। गोलो टाउको ,पहेँलो आँखा र साना साना थोप्ला भएका पखेटा साह्रै लोभलाग्दो थियो। दिनभर त्यहीँ रुखको हाँगामा आराम गरेर साँझको पाँच बजे तिर सूर्यास्तको समयमा चिरुर-चिरुर आवाज निकाल्दै पारी जङ्गलतिर उडेर गयो । त्यो दिन त्यो चरालाई हेरेर नै रमाइलोसँग समय बित्यो ।

भोलिपल्ट बिहानै उठेर रुखमा हेर्दा त्यो आइसकेको रहेछ। यसलाई देख्दा म धेरै प्रफुल्लित भए तर उसलाई मैले हेरिरहेको छु भन्ने कुराको उसलाई जानकारी नै थिएन।

त्यो लाटोकोसेरो दिनभर निस्क्रियनै भएर एकै ठाउँमा बस्थ्यो र साँझ भएपछि उड्ने गर्दथ्यौ। तेस्रो दिन भने त्यसको नजर मसँग जुद्दयो। त्यसपछि एक्कासि आफ्नो आँखा ठुलो पारेर टाउकोलाई तल माथि तन्काउँदै हेर्दा अभिवादन गरेझैँ लाग्यो। त्यहीबाट हाम्रो मित्रताको सुरुवात भयो । त्यो दिन उसले मलाई दुई तीन चोटि हेरेको थियौ । मेरो दिनचर्यामा उसकै क्रियाकलाप हेर्ने पनि थपिएको थियो।

केहिदिन पछि उनले त आफ्नो जोडीलाई पनि ल्याएर मलाई अचम्मित बनाएको थियो । उसले प्रायजसो आँखा बन्द गर्ने अनि बेलाबेलामा रुखको अरू हाँगामा मैना , कागहरू आउँदा पुरै आँखा खोलेर टाउकोलाई लगभग १८० डिग्रीमा घुमाउँदै चनाखो भएर हेर्थ्यौं। कुनै बेला खुट्टा तन्काउने, किरा मुसाको सिकार गर्ने, पखेटाहरू फडफडाउने, कुनै बेला दुवै जना आफ्नो आँखा आंशिक रूपमा बन्द गरेर एक अर्काको नजिकै जाने र सुमसुम्याउने क्रियाकलाप अति नै प्रिय थिए ।

उनीहरू म लगायत मेरो परिवारको सदस्यसँग नि घुलमिल भए जस्तो लाग्यो । हामीले उनीहरूलाई हेर्दा उनिहहरुले पनि हामीलाई निडरताको साथ हेर्ने गर्थ्यौं अनि हामी बिच एक पृथक् मित्रता कायम भएको आभास हुन्थ्यो । मलाई अझै याद छ एक दिन घरमा पाहुनाहरू आउँदा उनीहरू दिनभरि नदेखिने गरी रुखमा लुकेको अनि पाहुनाहरू गए पछि फेरी हामीले देखिने ठाउँमा आएर रुखको हाँगामा बसेको। यस्तो क्रियाकलाप देख्दा हामीबिच झन् सामीप्य बढेर गयो । उनीहरूको हरेक क्रियाकलाप निहाल्दा निहाल्दै हाम्रो परिवारको सदस्यझैँ लाग्न थालेको थियो।

रुख नजिकै खेत थियो र त्यहाँ वरिपरिको वातावरण पनि शान्त मनोरम थियो तर केही महिना पछि त्यो खेतमा एउटा कारखानाको निर्माण कार्य सुरु भयो। रुख नजिकै निर्माण कार्यको गतिविधिले गर्दा मलाई उनीहरू

डराएको आभास भएको थियो। दिउसो धेरैजसो आँखा बन्द गरी बसिरहने, त्यहाँ काम गर्ने मान्छेहरूलाई देखेर हरपल पुरै आँखा उघारी चनाखो हुने गर्थ्यौं । एक दिन त मैले उनीहरूलाई बच्चाहरूले गुलेलीले हान्न लागेको देखे र तुरुन्तै उनीहरूलाई त्यहाँ बाट भगाए। तिनीहरूलाई त्यस्तो गर्न हुन्न भनेर सम्झाए तर लाटोकोसेरोहरू त्यहिबेला आफ्नो ज्यान बचाउन उडिसकेका थिए ।

मलाई त्यसपछि कहिले फर्केर आउँदैन भन्ने लाग्यो । उनीहरू दुई दिन सम्म आएनन् पनि। म भने तिनीहरू आइदिए नि हुन्थ्यो भन्ने आशा गरिरहेको थिए। दुई दिनपछि बिहानै उठेर रुखमा तिनीहरूलाई देख्दाको खुसी म बयान नै गर्न सक्दिन । साँझपख जाने अनि बिहानै फर्केर आउने क्रम चलिरहेको थियो। फेरी एक दिन एक जना व्यक्तिले लाठीले तिनीहरूलाई भगाउन खोजेको देखे अनि उसलाई पनि मैले रोके। करिब पाँच महिना सम्म आफ्नो मन पर्ने बासस्थान बनाएको त्यो रुख मानवको अनुचित कार्यले गर्दा असुरक्षित भयो अनि तिनीहरू कहिल्यै नफर्किने गरी सदाको लागि छोडेर गए। म कुरी रहेँ। तर तिनीहरू फर्किएनन्।

स्वस्थ वातावरणको अग्रिम सन्देश दिने सूचक अनि सम्पूर्ण पर्यावरणलाई सन्तुलन राख्ने यिनीहरूको अहम् भूमिकाको बारेमा अझै पनि चेतनाको कमिले गर्दा वासस्थान बिथोलिएको छ। हुन त सधैँ भरि एउटा स्थानमा बस्ने त होइन तर पनि यदि बाधा पुऱ्याउने काम नगरेको भएचाहिँ अझ केही महिना यही रहन्थ्यौ कि भन्ने लागिरहन्छ। हामी सर्वश्रेष्ठ मानिने मानवजातिले आफूले गरेको गतिविधिले तिनीहरूलाई असर पर्छ कि भन्ने बारे सजक भएर सबै मिलेर संरक्षणमा हातेमालो गरे कति सन्तुलित हुने थियो यो प्रकृति। अझै पनि म हरेक दिन त्यो रुख हेर्ने गर्दछु जहाँ उनीहरू त छैनन् तर उनीहरूको हरेक क्रियाकलापहरू मेरो मानसपटलमा सधैँ रहिरहनेछ।

आशा छ जहाँ छन् सुरक्षित स्थानमा आफ्नो जीवन व्यतीत गरिराखेका होलान् मेरा प्यारा मित्रहरूले।

**(आरतीले प्राणी शास्त्रमा स्नातकोत्तर गरेकी छिन्। उनी वन्यजन्तु र विशेष गरी चराको संरक्षणमा रुचि राख्छिन् )**

## अन्त्यमा



कोचलगाडे लाटोकोसेरो । **फोटो: अस्मित सुब्बा**

### 'प्रकृतिका साथीहरु'को चौमासिक प्रकाशन हाप्सिलो

**अवधारणा :** राजु आचार्य र यादव घिमिरे
**सम्पादक :** राजु आचार्य
**पाहुना भाषा सम्पादक :** रमेश पोखेल
**फोटो** : कभर पेज: Facebook page of International owl center
**लेख, रचना तथा सम्पर्कका लागि :** naturesfren@yahoo.com